# झापामा बेपत्ता युवकको शव बिरिङ पुलमुनि फेला

**पार्थ मण्डल** | *झापा*

घरमा छठ पूजाको उल्लास थियो। परिवारका सदस्यहरू व्रत बसेर खरनाको तयारीमा थिए। भोलिपल्ट कात्तिक १० गते छठ पूजाको मुख्य दिन भएकाले झापा शिवशताक्षी नगरपालिका-१० माइधार निवासी सरोज शर्मा आफ्नो कार धुने भन्दै घरबाट निस्किएका थिए।

कात्तिक ९ गते आइतबार दिउँसो ४ बजे घरबाट निस्किएका ३३ वर्षीय सरोज एकाएक सम्पर्कविहीन भए।

'साँझ ६ बजेसम्म उनको मोबाइल अन नै थियो,' उनकी आमा गीताले भनिन्, 'त्यसपछि छोराको फोन बन्द भयो त भयो, त्यसपछि कुनै सम्पर्क हुन सकेन।'

खाना खाएर निस्किएको सरोज नफर्किएपछि परिवारसँगै छरछिमेकमा खैलाबैला नै मच्चियो। छठको तयारी छाडेर परिवारका सदस्यहरू सरोजको खोजीमा लागे। सरोज हराएको भन्दै परिवारले तत्काल प्रहरीलाई खबर गरे। प्रहरी पनि कारसहित बेपत्ता भएको सरोजको खोजी कार्यमा जुटियो। प्रहरीले सीसीटिभी फुटेजको आधारमा कारको अन्तिम लोकेसन सुरुंगा भनेर पत्ता लगायो। तर, सरोज र उनको कार भने फेला पार्न सकेन। सरोजको आमालाई के थाहा कि त्यही दिन बेलुका ६ बजेपछि नै छोराको हत्या भइसकेको थियो।

हत्याराहरूले सरोजको गाडीलाई जुकेखाडी वनभित्र लुकाएर राखे र बेहोस बनाएर सरोजलाई अपहरण गरी सुनील साहको गाडीमा चढाएर चेप्टी फनपार्क जाने सडकतिर लगे। बेहोस भएका सरोज होसमा आउनेबित्तिकै चिच्याउन र कराउन थालेपछि उनीहरूले हतौडाले टाउको पछाडि भागमा पटक-पटक हिर्काएर हत्या गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।



- झापा शिवशताक्षी-१० माइधारका ३३ वर्षीय सरोज शर्मा छठ पूजाको अघिल्लो दिन कार धुन भन्दै घरबाट निस्किएपछि बेपत्ता भएका थिए ।
- उनी काठमाडौंस्थित आईटी अफिसमा कार्यरत थिए । तिहार-छठ मनाउन घर आएका थिए।
- प्रहरीले २५ वर्षीय सुनील साह र २६ वर्षीय राहुल साहलाई पक्राउ गरी अनुसन्धान थालेको छ।
- प्रारम्भिक बयानअनुसार फिरौतीका लागि अपहरण गर्ने योजना हत्यामा परिणत भएको हो।

सरोजको हत्यापछि सोही दिन राति ११ बजे उनीहरूले शवलाई बिरिङ खोलामा ल्याएर गाडे। सरोजको हत्या भएको चार दिनपश्चात् उनीहरूले उनको बा १-०३०-च ७१९४ नम्बरको कार सल्टाउने योजना बनाए। आरोपी सुनील आफैंले त्यो कार कात्तिक १३ गते बिहीबार बिहान १० बजेको समयमा चारआली-भद्रपुर सडकखण्डअन्तर्गत करिब २०० मिटर पश्चिम चारआली जंगलको हातेमालो सामुदायिक वनभित्र ल्याएर जलाइदिएर प्रमाण मेटाउन खोजे। कार जलेको अवस्थामा भेट्टाए पनि सरोजको भने अत्तोपत्तो थिएन। कार जंगलभित्र फेला परेपछि प्रहरी टोली झन् सक्रिय बन्यो। साथै प्रहरीले सरोजको खोजी कार्य झन् तीव्र बनायो।

हराएको ६ दिनपछि शुक्रबार बिहानको राति उनको शव गाडिएको अवस्थामा फेला पर्‍यो।

बाह्रदशी गाउँपालिका २ र झापा गाउँपालिका ५ सीमा पर्ने बिरिङ नदीको पुलमुनि गाडिएको अवस्थामा उनको शव भेटिएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्रबहादुर खड्काले जानकारी दिए। उनले लगाएको लुगा र हुलियाको आधारमा शवको पहिचान गरिएको थियो। उनको टाउकोमा गम्भीर चोट पनि देखिएको छ। उनको हत्या गरी शव यहाँ ल्याएर गाडेको प्रारम्भिक अनुसन्धानले देखाएको डीएसपी खडकाले बताए।

शवको पहिचान मृतकको श्रीमतीले गरिसकेको बताउँदै डीएसपी खड्काले भने, 'उनको हत्या किन र कहाँ भयो त्यस बारेमा अनुसन्धान हुन चाहिँ बाँकी छ।'

शवको कानुनी प्रक्रिया पूरा मेची प्रादेशिक अस्पताल भद्रपुरमा पोस्टमार्टम गरी शवलाई परिवारजनको जिम्मा लगाइसकिएको जनाइएको छ।

हत्या घटनामा संलग्न भएको आरोपमा प्रहरीले दुईजना पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा माइधारकै २५ वर्षीय सुनस्ल साह र अन्दाजी २६ वर्षीय राहुल साह रहेका छन्।

इलाका प्रहरी कार्यालय झिलझिलेमा राखी अनुसन्धान गर्ने क्रममा मुख्य योजनाकार सुनीललगायत ३-४ जनाको समूहले सरोजको हत्या गरी हुलाकी राजमार्गअन्तर्गत बिरिङ खोलाको पुलमुनि गाडेको बयान दिएका थिए। प्रहरी बयान सुनीलले भनेका छन् कि सरोजको हत्या गर्ने योजना हाम्रो थिएन। सरोजलाई अपहरण गरी घरपरिवारबाट फिरौती (पैसा माग्ने) योजनाचाहिँ हामीले बनाएका थियौं।

बयानपश्चात् सुनीललाई प्रहरीले शुक्रबार राति १ बजे नै शव गाडेको स्थान पहिचान गर्न घटनास्थल लगेका थिए। सुनीलले ठाउँ पहिचान गरेपछि इलाका प्रहरी कार्यालय राजगढबाट प्रहरी नायब निरीक्षक दिवस कार्कीको कमान्डमा प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको थियो। जिल्लाबाट थप प्रहरी टोली पुगेपछि खाडल खनेर शव बाहिर निकालिएको थियो।

सरोज काठमाडौंस्थित आईटी अफिसमा काम गर्दै आइरहेका थिए। उनी तिहार तथा छठ मनाउन घर आएका थिए। छठ मनाएर फेरि काठमाडौं फर्किने तयारी थिए। उनको मृत्युको खबरले परिवारसहित छरछिमेकलाई स्तब्ध भएका छन्। साथै आक्रोशित भीडले हत्या आरोपमा पक्राउ परेका सुनील र राहुलको घरमा तोडफोड गरेका छन्।

भीडले श्याम साहको मे १ ह ७२३७ नम्बरको अटो पनि जलाइदिएको छ। तोडफोडका घटनापश्चात् केहीबेर माइधार क्षेत्र तनावग्रस्त नै बन्यो। घटना साम्य बनाउन ठूलो संख्यामा प्रहरी परिचालन गरिएको थियो।

# प्रधानमन्त्रीद्वारा सातै प्रदेशका मुख्यमन्त्रीको बैठक आह्वान



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री सुशीला कार्कीले सातै प्रदेशका मुख्यमन्त्रीहरूको बैठक आह्वान गरेकी छन्। बैठक आइतबार दिउँसो ४ बजे बालुवाटारमा बस्ने प्रधानमन्त्री सचिवालयले जनाएको छ।

बैठकमा कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्की, मधेस प्रदेशका मुख्यमन्त्री जितेन्द्रप्रसाद सोनार, बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेल र सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहको उपस्थिति रहनेछ। प्रधानमन्त्री कार्कीले परिवर्तित अवस्थामा संघ र प्रदेश सरकारबीच संवाद गर्न र सहकार्य थप सघन बनाउनका लागि बैठक आह्वान गरेकी हुन्।

# मनास्लु क्षेत्रका घाइते पर्यटकको ३ दिनपछि उद्धार




**गोरखा** (अन्नपूर्ण) : मनास्लु क्षेत्र भ्रमणका घाइते भएका एक नेपाली पर्यटकको तीनदिनपछि शनिबार उद्धार भएको छ। चुमनुब्री-५ को बुरमा गत बिहीबार ढुंगा खसेर घाइते भएका मिनुइन्द्र लम्सालको शनिबार उद्धार गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गद बरालले जानकारी दिए।

सिम्रिक एयरको हेलिकोप्टरबाट शनिबार तीन बजेतिर उद्धार गरिएको उनले बताए। लार्केपासका लागि गएका उनीसहित तीनजना टोली बिहीबार बिहान फर्कंदा बुरको पहिरोबाट झरेको ढुंगाले टाउकोमा लागेर गम्भीर घाइते भएका थिए। उनको बिही स्वास्थ्यचौकीमा प्राथमिक उपचार भइरहेको थियो। प्रतिकूल मौसमका कारण हेलिकप्टरको उद्धार उडान गर्न नसकेर घाइतेको उद्धारमा ढिलाइ भएको थियो।

सो टोलीमा घाइते ४४ वर्षका मिनुइन्द्र लम्साल, विशाल लम्साल र दीपेन्द्र न्यौपाने रहेका थिए।

# भोजपुरमा ट्याक्टर दुर्घटना हुँदा दुई जनाको मृत्यु

**भोजपुर** (अन्नपूर्ण) : ट्याक्टर दुर्घटना हुँदा दुईजनाको मृत्यु भएको छ। षडानन्द नगरपालिका-४ मा शनिबार भएको दुर्घटनामा चारजना घाइते भएका छन्।



चाम्लादाङबाट दिङ्लातर्फ आउँदै गरेको प्रदेश नं १-०२-००३ त १२१३ नम्बरको काठ बोकेको ट्याकटर दुर्घटना हुँदा षडानन्द नगरपालिका-४ केराबारीका २५ वर्षे ट्याक्टरचालक आइतबहादुर तामाङ र अरुण गाँउपालिका-४ चरम्बीका १७ वर्षे नवीन तामाङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरका प्रहरी प्रमुख राजु लामाले जानकारी दिए।

दुर्घटनामा परी घाइते हुनेमा १९ वर्षे दाछिरी शेर्पा, २३ वर्षे अम्बर तामाङ, १८ वर्षे सागर तामाङ र १८ वर्षीया सुनिता तामाङ छन्। उनीहरूको दिङ्ला नगर अपस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# मेची नदीमा डुबेर १ को मृत्यु

**झापा** (अन्नपूर्ण) : मेची नदीमा डुबेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मेचीनगर नगरपालिका- १० का ४१ वर्षीय वर्षीय महमद नौसाद रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। प्रहरीका अनुसार शनिबार बिहान नेपाल-भारत सीमावर्ती क्षेत्रको बिहार किसनगन्ज जिल्ला बक्सरभिट्टा-४ नजिकै उनको शव फेला परेको हो। शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाएको छ।

# तीन दिनदेखि बीपी राजमार्ग ठप्प, यात्रु अलपत्र

**राजकरण महतो** | *काठमाडौं*

तीन दिनदेखिको निरन्तर वर्षाले पूर्वी नेपाललाई राजधानीसँग जोड्ने बीपी राजमार्ग अवरुद्ध छ। पहिरोले ठाउँ-ठाउँमा बाटो थुनिएपछि यात्रुवाहक सवारीसाधन ठप्प छन्। नेपालथोकदेखि चौकीडाँडासम्मका धेरै स्थानमा पहिरो गएको प्रहरीले जनाएको छ।

नेपाल थोकदेखि चौकीडाँडासम्म सम्भावित दुर्घटनाको मध्यनजर गर्दै प्रहरीले बिहीबार रातिदेखि नै सवारी सञ्चालनमा रोक लगाएको छ। यन्त्र प्रयोग गरेर सडक विभागले पहिरो पन्छाइरहेको छ। शनिबार राति वर्षा नभए आइतबारदेखि बाटो सञ्चालनमा आउने सम्भावना छ।

पहिरोले बाटो अवरुद्ध भएपछि यात्रुहरू अलपत्र परेका छन्। अति आवश्यक कामले घरबाहिर निस्किएका यात्रुहरू महँगो पैसा तिरेर मोटरसाइकलमा ओहोरदोहर गर्न बाध्य छन्। जोखिम मोलेर बीपी राजमार्गमा छिटफुट रूपमा पैदलयात्री र मोटरसाइकल यात्रीहरू प्रहरीको आँखा छल्दै खुर्कोटबाट काठमाडौंतिर ओहोरदोहर गरिरहेका छन्। गत वर्षको भीषण बाढी बीपी राजमार्गको चौकी डाँडादेखि नेपालथोकसम्मको धेरै ठाउँमा बाटो बगाएको थियो। त्यसयता खोलाबाट डाइभर्सन बनाएर सवारीसधान सञ्चालन हुँदै आएको छ। बाढीले अस्थायी बाटो बगाउँदा सवारीसधान सञ्चालन अवरुद्ध हुँदै आएको छ।



बीपी राजमार्गअन्तर्गत नेपालथोकदेखि चौकीडाँडासम्मको जोखिमपूर्ण सडकमा यात्रा गर्दै यात्री । ● राजकरण महतो

# गोल्डेनको हत्यामा संलग्न ४ कारागार चलान

**क्रान्ति शाह** | *वीरगन्ज*



वीरगन्जमा गत दसैंको मेलामा महाअष्टमीको राति दुई समूहबीचको झडपमा कुटपिट गरी हत्या गरिएका गोल्डेन भन्ने २० वर्षीय शिवम् साह कानुको हत्यामा संलग्न 'खुनी दरिन्दे समूह'का चार जनालाई पर्सा जिल्ला अदालतले पुर्पक्षका लागि कारागारमा पठाएको छ। उक्त घटनामा संलग्नमध्ये अन्य दुई जना भने धरौटी बुझाएर रिहा भएका छन्।

गत असोज १४ गते महाअष्टमीको राति लागेको दसैं मेलामा वीरगन्जको गीता मन्दिरनजिक युवाहरूको दुई समूहबीच कुटपिट हुँदा बाराको परवानीपुर गाउँपालिका वडा नम्बर ५ स्थायी घर भई हाल वीरगन्ज महानगरपालिका-१० मा बस्दै आएका गोल्डेनको हत्या भएको थियो।

उक्त घटनामा संलग्न खुनी दरिन्दे समूहका ७ जनालाई प्रहरीले पक्राउ गरेको थियो। पर्सा जिल्ला अदालतले शुक्रबार पुर्पक्षका लागि तीमध्ये ३ जनालाई वीरगन्ज कारागारमा र एक जनालाई बाल सुधारगृहमा पठाएको हो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतका अनुसार अदालतले वीरगन्ज-२४ रामगढवाका १९ वर्षीय गौतम पटेल, २० वर्षीय शुभांकर चौरसिया र २२ वर्षीय अमिरी पटेललाई पुर्पक्षका लागि वीरगन्ज कारागार चलान गर्ने आदेश दिएको हो भने १७ वर्षीय किशोरलाई बाल सुधारगृह पठाउने फैसला गरेको हो। उक्त घटनामा संलग्न चन्दन चौरसिया र अमन पटवा भने अदालतले तोकेको दुई/दुई लाख रुपैयाँ धरौटी बुझाएर छुटेका छन् भने मन्टु पटेलले ५० हजार धरौटी बुझाउन नसकेपछि उनलाई पनि कारागार चलान गरिएको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिए।

**Gajuri Rural Municipality**
**Office of Rural Municipal Executive**
**Gajuri, Dhading**

**Invitation for Online Bids**

**First Date of Publication: 2nd November, 2025; 10:00 am**

The Office of the Rural Municipal Executive, Gajuri Rural Municipality, Gajuri, Dhading, has budgeted a portion of its funds for the implementation of activities tied to the contract mentioned here.

| Contract ID | Name of Project | Estinmated Amount (including VAT & PS) | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/W/NCB/ 01/2082/83 | Upgradation of Parkhale-Lamachira-Siudini-Sagarbhanjyang Road in Gajuri Rural Municipality | 1,94,86,081.56 | 5,00,000/- | 3,000/- | December 2, 2025, 12:00 pm |
| GRM/W/NCB/ 02/2082/083 | Chalise Thulopokhari Road Upgrading in Gajuri Rural Municipality | 1,94,83,087.25 | 5,00,000/- | 3,000/- | December 3, 2025, 12:00 pm |

**Account Details:** Rastriya Banijya Bank, Gajuri Branch

| Type | Account Name | Account Number | Office Code | Rajaswa (revenue) Shirshak no. |
|---|---|---|---|---|
| For Bid document | GA-1-1 STHANIYA TAHA AANTARIK RAJASWA | 1050100301010002 | 80330503300 | 14219 |
| For Bid Security | GA-2-3 STHANIYA TAHA DHARAUTI KHATA | 1050100303000002 | 80330503300 | |

1. Eligible Bidders may obtain further information at the office of Gajuri Rural Municipality, Dhading, email: ito.gajurimun@gmail.com, website: ***www.gajurimun.gov.np*** and contact no. 9851338362 or may visit PPMO website ***www.bolpatra.gov.np/egp***. Also, visit our Facebook: www.facebook.com/gajuriruralmunicipality

**Chief Administrative Officer**